रघुगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

२०७३

रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवाफाँट, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७३


पत्र संख्या:- २०८२/८३

च.नं.:- ४५१

गण्डकी प्रदेश, नेपाल

मिति:२०८२/०६/०७

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी सूचना !

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ.व. २०८२/०८३ मा निरन्तर भत्ता प्राप्त गर्नको लागि **सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२** बमोजिम मिति *२०८२ श्रावण १ गते देखि असोज* मसान्त सम्म नवीकरण को म्याद थप भएको व्यहोरा जानकारीको लागि अनुरोध छ। सोहीनुसार लाभग्राहीहरुले कागजातहरु सहित सम्बन्धित वडा कार्यालयमा स्वयम् उपस्थित भई निवेदन दर्ता गराई आफ्नो परिचयपत्र नवीकरण गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ। बालबालिका, पूर्ण अपाङ्ग ('क' वर्ग) र आफै उपस्थित हुन नसक्ने ९० वर्ष भन्दा माथिका व्यक्तिको हकमा निजको आमाबुबा वा संरक्षक उपस्थित भई नवीकरण गराउन सकिनेछ। साथै उक्त सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ यसै पत्रसाथ संलग्न राखिएको व्यहोरा अनुरोध छ।

**कुलराज पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, भदौ ३१ गते, २०८२ साल (अतिरिक्ताङ्क २६

## भाग ३

नेपाल सरकार

गृह मन्त्रालयको

सूचना

**सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२**

सामाजिक सुरक्षा नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा संशोधनः** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ को उपनियम (१) मा रहेका "भदौ मसान्तभित्र" भन्ने शब्दहरूको सट्टा "असोज मसांन्तभित्र" भन्ने शब्दहरू राखिएका छन्।

आज्ञाले,
गोकर्णमणि दुवाडी
नेपाल सरकारको सचिव।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु.५।-
गो.मु.व.नं. १५।२०८२।६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।